# नेपाल विद्युत प्राधिकरण

## फोटोभोल्टेक सौर्य प्रणालीबाट प्राप्त हुने उर्जा NET metering गर्ने सम्बन्धि सूचना ।

नेपाल विद्युत प्राधिकरण लोडसेडिङ न्यूनिकरण कार्यमा निरन्तर प्रयासरत रहेको छ । राष्ट्रिय ऊर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्वन्धि अवधारणापत्र र कार्ययोजना, २०७२ मा भएको व्यवस्था अनुसार लोडसेडिङ न्यूनिकरणको लागि विभिन्न बैकल्पिक ऊर्जाको माध्यमबाट समेत विद्युत आपूर्तिको व्यवस्था गर्नका लागि ५०० वाट वा सो भन्दा बढी क्षमताको फोटोभोल्टेक सौर्य प्रणाली जडान गरि बढी हुन जाने विद्युत NET metering मार्फत ने.वि.प्रा.को वितरण प्रणालीमा उपलब्ध गराउन ईच्छुक व्यक्ति/संघ/संस्थाहरुबाट "फोटोभोल्टेक सौर्य प्रणालीबाट प्राप्तहुने ऊर्जा सम्वन्धि कार्यविधि, २०७४" मा रहेको निम्न व्यवस्था अनुसार ने.वि.प्रा. को स्थानिय कार्यालयमा Format बमोजिमको आ-आफ्नो प्रस्ताव उपलब्ध गराउन अनुरोध गरिन्छ ।

- NET metering का लागि सम्वन्धित ग्राहकले सम्बन्धित वितरण केन्द्र समक्ष निवेदन दिनुपर्ने ।
- ग्राहकले उपलब्ध गराउने सौर्य ऊर्जा गुणस्तरीय हुनुपर्ने ।
- ग्राहकले जडान गर्ने फोटोभोल्टेक प्रणालीको न्युनतम ५०० वाट हुनु पर्नेछ । ने.वि.प्रा.का ग्राहकहरुले भोल्टेज स्तर अनुसार NET metering प्रयोजनका लागि निम्न बमोजिम जडित क्षमतामा सौर्य ऊर्जा प्रणाली जडान गर्नु पर्ने:
  १. २३० भोल्टमा ५ कि.वा. सम्म ।
  २. ४०० भोल्टमा ५ कि.वा. भन्दा माथि ४० कि.वा. सम्म ।
  ३. ११००० भोल्टमा ४० कि.वा. भन्दा माथि ।
- ग्राहकले जडान गरेको सौर्य प्रणालीबाट उत्पादन हुने विद्युतको Power Factor ०.८५ ल्याग र ०.९५ लिडका विचमा हुने गरि ने.वि.प्रा.को वितरण प्रणालीमा जोड्ने व्यवस्था सुनिश्चित गरेको हुनु पर्ने ।
- NET metering प्रयोजनका लागि Bi-directional ईनर्जी मिटर जडान गर्नुपर्ने । मिटर/मिटरिङ प्रणाली सम्बन्धि अन्य व्यवस्था ने.वि.प्रा.को विद्युत वितरण विनियमावली, २०६९ मा व्यवस्था भए बमोजिम हुनेछ ।
- उपयुक्त सुरक्षा उपकरण (Protection Device) ग्राहक स्वयंले जडान गर्नुपर्ने ।
- आर्थिक वर्षको अन्त्यमा ग्राहकबाट प्राप्त भएको ऊर्जा बढी आएको देखिन आएमा सो युनिट बापत ग्राहकले ने.वि.प्रा. संग कुनै दावी गर्न पाउने छैन । तर यसरी समायोजन गरिने सौर्य प्रणालीको ऊर्जा ने.वि.प्रा. बाट ग्राहकले प्राप्त गर्ने वार्षिक ऊर्जाको ९० (नब्बे) प्रतिशतभन्दा वढी हुने छैन ।
- साथै अन्य जानकारीको लागि ने.वि.प्रा.को website, www.nea.org.np वा स्थानिय कार्यालयमा सर्म्पक राख्नहुन समेत अनुरोध छ ।

**नेपाल विद्युत प्राधिकरण**
**वितरण तथा ग्राहक सेवा निर्देशनालय**
**दरवारमार्ग, काठमाडौं ।**
**मिति:२०७४/०३/१७**

**श्री केन्द्र प्रमुख ज्यू,**

...................वितरण केन्द्र, ने.वि.प्रा. ।

..................................

**विषयः-**<u>**NET Metering जडान गरिदिने बारे ।**</u>

प्रस्तुत विषयमा नेपाल विद्युत प्राधिकरणबाट मिति २०...../...../...... गते राष्ट्रिय दैनिक गोरखापत्रमा प्रकाशित **"फोटोभोल्टेक सौर्य प्रणालीबाट प्राप्तहुने उर्जा NET metering गर्ने सम्बन्धि सूचना"** अनुसार मेरो/हाम्रो फोटोभोल्टेक सौर्य प्रणालीबाट प्राप्त हुने **"Solar PV System** को उर्जा लिने सम्बन्धि कार्यविधि, २०७४" बमोजिम नेपाल विद्युत प्राधिकरणको ग्रिडमा उपलब्ध गराउन ईच्छुक भएकोले NET metering जडान गरिदिने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

........................

आधिकारीक दस्तखत

निवेदक

व्यक्ति/संघ/संस्था

ठेगाना:

मोवाईल नं. :

ईमेल: